म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १५७ बुधबार ४ माघ २०७९ ने. सं. ११४३ पोहेलागा 18 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

## रानी वनले थाल्यो वन व्यवस्थापन

हेटौंडा, ३ माघ/रानी सामुदायिक वन उपभोक्ता समूहले मंगलबारदेखि वन व्यवस्थापन शुरु गरेको छ । हेटौंडा-६, चौघडामा रहेको समूहको चालु आ.व. ०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वन व्यवस्थापन गर्ने कार्य शुरु गरिएको हो । सब डिभिजन वन कार्यालय, हेटौंडाका प्रमुख रामचन्द्र श्रेष्ठ र फरेष्टर यदुकुमार घिमिरेले वन व्यवस्थापन गर्ने विधिको बारेमा जानकारी गराउँदै उक्त कार्यको शुरुवात गरेका छन् । वन व्यवस्थापन गर्नाले वनको सौन्दर्यतामा वृद्धि हुने, काठको लागि उपयुक्त रुख तयार हुने, उपभोक्ताहरुको दाउराको माग पूरा गर्न सकिने भएकाले वन समूहले प्रत्येक वर्ष वन व्यवस्थापन गर्दै आएको वन व्यवस्थापन उपसमितिका संयोजक एवं समूहका उपाध्यक्ष केशव धितालले बताए । यस वर्ष करिव १५ हेक्टर क्षेत्रफलमा वन व्यवस्थापन गरि ३ सय घरधुरीलाई दाउरा वितरण गर्ने लक्ष्य समूहको रहेको छ । वन व्यवस्थापन कार्यमा समूहका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, सदस्य सूर्यप्रसाद दुलाल, अनिता बुढाथोकी, कार्यालय सचिव भीमसेन पौडेल, वनहेरालु हरिचन्द्र सापकोटा लगायतको सहभागिता रहेको छ ।

# मुख्यमन्त्रीले पाए असाधारण विश्वासको मत

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ बागमती प्रदेशको मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले विश्वासको मत पाएका छन् ।

मंगलबार प्रदेशसभामा मुख्यमन्त्रीले विश्वासको मत मागेका थिए । ११० सदस्यीय बागमती प्रदेशसभाका १०५ सदस्यले मुख्यमन्त्री जम्मकट्टेललाई विश्वासको मत दिएका हुन् । यो असाधारण बहुमत हो । सरकार जोगाउन ५६ मत भए पुग्थ्यो । बागमती प्रदेशको यसअघिको मुख्यमन्त्रीहरुले संसदमा विश्वासको मत पाएको भएपनि जम्मकट्टेलले जस्तो असाधारण मत पाएका थिएनन् ।



मंगलबार भएको विश्वासको मत विभाजनमा सभामुख भुवनकुमार पाठक सहभागी भएनन् भने राप्रपाका एक सांसद अनुपस्थित रहे । उनको विपक्षमा ३ जनाले मात्रै मत दिए । प्रदेशसभाको ७ वटा राजनीतिक दलमध्ये ३ सदस्यीय नेपाल मजदुर किसान पार्टी मात्रै मुख्यमन्त्रीको विश्वासको मतको विपक्षमा उभिएको हो ।

मुख्यमन्त्री जम्मकट्टेललाई नेपाली कांग्रेसको ३७, नेकपा एमालेको २७, नेकपा माओवादी केन्द्रको २१, राप्रपाको १०, नेकपा एकीकृत समाजवादीका ७ र हाम्रो नेपाली पार्टीका २ जनाले विश्वासको मत दिएका हुन् । जमकट्टेल ५ दलका ७० सांसदको समर्थनमा गत पुस २५ गते प्रदेशको चौथो मुख्यमन्त्री नियुक्त भएका थिए । उनलाई मुख्यमन्त्रीमा केन्द्रको समीकरण बाहिर रहेको समाजवादी र हाम्रो पार्टी नेपालले समर्थन गरेको थियो । पुस २६ गते केन्द्रमा प्रधानमन्त्रीलाई विश्वासको मत दिएको कांग्रेसले मंगलबार मुख्यमन्त्रीलाई पनि विश्वासको मत दिएको हो ।

नेपाली कांग्रेसले बागमती प्रदेशका मुख्यमन्त्री जम्मकट्टेललाई विश्वासको मत दिने निर्णयविरुद्ध आधा दर्जन सांसदले फरक मत राखेका थिए । मंगलबार प्रदेशसभा सचिवालयस्थित संसदीय दलको कार्यालयमा बसेको बैठकले सांसदहरुको फरक मत रहँदारहँदै पनि विश्वासको मत दिने निर्णय गरेको थियो ।

सांसदहरु छिरिङदार्जे लामा, सुरजचन्द्र लामिछाने, श्रीराम लामिछाने, सुरेश श्रेष्ठ, शान्ता ढकाल र गोविन्द लम्सालले लिखित रुपमै फरक मत राखेका थिए । उनीहरुले कांग्रेसले प्रतिपक्षमा बस्ने भएपछि मुख्यमन्त्रीलाई विश्वासको मत दिन नहुने बैठकमा बारम्बार दोहोऱ्याएका थिए । दल नेता बहादुर सिंह लामाको अध्यक्षतामा बसेको संसदीय दलको बैठकले मुख्यमन्त्रीलाई विश्वासको मत दिएर गुण र दोषको आधारमा सशक्त प्रतिपक्षीको भूमिकामा रहने निर्णय गरेका थिए ।

कांग्रेस प्रदेशसभाको सबैभन्दा ठूलो दल हो । त्यसअघि कांग्रेस बागमती प्रदेशको कार्यसम्पादन समितिको बैठकले मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई विश्वासको मत दिन संसदीय दललाई निर्देशन दिएको थियो । संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले नै सरकारलाई विश्वासको मत दिएपछि बागमती प्रदेशसभामा नेपाल मजदुर किसान पार्टी एक्लो प्रतिपक्षी दल बनेको छ । नेमकिपा प्रदेशसभाको पहिलो कार्यकालमा पनि ५ वर्ष नै प्रतिपक्षमा बसेको थियो । पहिलो कार्यकालमा दुई जना प्रदेशसभा सदस्य रहेको नेमकिपामा दोस्रो कार्यकालमा ३ जना सांसद छन् । केन्द्रमा पनि नेमकिपाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको थिएन । ११० जना सांसद रहेको प्रदेशसभामा मुख्यमन्त्री जमकट्टेलले १०५ सांसदको विश्वासको मत पाए ।

संसदमा विश्वासको मत माग्दै बागमती प्रदेशका मुख्यमन्त्री जम्मकट्टेलले राजनीति स्थायित्व अहिलको सबैभन्दा ठूलो चुनौती भएको बताएका छन् । प्रदेशसभाको बैठकमा आफूलाई विश्वासको मत माग्ने क्रममा उनले यस्तो दाबी गरेका हुन् । 'राजनीतिक स्थायित्व अहिलेको मुख्य चुनौती हो । विकास र सुशासनका लागि पनि यसको आवश्यकता छ', उनले भने । बागमतीलाई समृद्धि र सुशासन पूर्णरुपमा लागू भएको प्रदेश भनेर चिनारी दिन पनि आफूलाई विश्वासको मत दिन उनले दलहरुलाई आग्रह गरे । मुख्यमन्त्री जम्मकट्टेलले विकासको निमित्त सरकारको स्थायित्व जरुरी रहेको दोहोऱ्याए । 'अहिलेको जनमत एउटै पार्टीले सरकार बनाउने छैन । त्यसकारण दलहरु मिलेर अगाडि बढ्नुपर्ने अवस्था रहेको छ', उनले भने । प्रदेश संरचनाको विरुद्धमा आवाज उठिरहेको भन्दै उनले दलहरुले संघीयताको पक्षमा उभिन जरुरी रहेको बताए । 'जनतामा प्रदेश सरकार जरुरी छ भन्ने मान्यताको विकास गर्दै सबै क्षेत्रको पहिचानलाई स्थापित गर्न आवश्यक छ', मुख्यमन्त्री जम्मकट्टेलले भने । उनले प्रदेशसभाको अघिल्लो कार्यकालमा जनताको पक्षमा केही काम गरेको र अब पनि सरकारले थुप्रै योजनाको सुरुवात गर्ने बताएका थिए ।

विश्वासको मत प्राप्त गरेसँगै सञ्चारकर्मीसँग कुरा गर्दै मुख्यमन्त्री जमकट्टेलले संसद्मा सहभागी अधिकांश दलले मत दिएको र सबै दलको विश्वासले खण्डित नगर्ने गरी काम गर्ने प्रतिबद्धता जनाए । उनले ७ मध्ये ६ दलबाट विश्वासको मत आउनुले नयाँ सन्देश प्रवाह भएको र जनताको सेवामा आफू काम गर्ने बताए । उनले भने, 'बागमती प्रदेश सरकारले अगाडि बढाएको छ । यसमा सबै एकै ठाउँमा हुनुभएको छ । नेपाल मजदुर किसान पार्टी बाहेक अरू प्रदेशसभामा प्रतिनिधित्व गर्ने ६ वटा राजनीतिक दल एकै ठाउँमा उभिएका छौं। हामी मूल रूपमा प्रदेशमा स्थायित्व, सुशासन र विकासको निम्ति एक ठाउँमा छौं भन्ने सन्देश विश्वासको मतले दिएको छ ।' मुख्यमन्त्री जमकट्टेलले बागमती प्रदेश सरकारले जनताको चाहनानुसार पूर्ण रूपमा प्रदेशमा स्थायित्व, सुशासन र विकासको निम्ति काम गर्ने बताए ।

विश्वासको मत पाएसँगै अब मुख्यमन्त्रीले मन्तिपरिषद् विस्तारको तयारी गर्ने भएका छन् । १४ मन्त्रालय रहेको बागमती प्रदेश सरकारमा हाल मुख्यमन्त्री जम्मकट्टेलसहित ३ सदस्यीय मन्त्रिपरिषद् छ । त्यसमा पनि एक मन्त्री विनाविभागिय छन् । पुस २५ गते प्रदेशको चौथो मुख्यमन्त्रीमा नियुक्त भएका जम्मकट्टेलले २६ गते शपथग्रहणलगत्तै दुई मन्त्री नियुक्त गरेका थिए । उनले नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियालाई आर्थिक मामिला तथा योजना मन्त्री बनाएका थिए भने राप्रपाका संसदीय दलका नेता उद्धव थापा विना विभागिय मन्त्री बनेका थिए ।

प्रदेशमा रहेको अन्य १२ वटा मन्त्रालय मुख्यमन्त्री आफैले चलाइरहेका छन् । उनले आफूले विश्वासको मत लिएपछि मात्रै मन्त्रिपरिषद् विस्तार गर्ने जनाएका थिए । प्रदेशमा मन्त्रालय घटाएर ९ वटा बनाउने तयारी हुँदै गर्दा सत्ता गठबन्धनका दलको दाबी भने १४ वटा पुगेको छ । मुख्यमन्त्री जम्कट्टेलले १४ बाट घटाएर कम्तीमा ९ र बढीमा ११ वटा मन्त्रालय बनाउने योजना बनाएका छन् । तर, सत्तारूढ दलभित्र मन्त्रीको दाबी गर्नेको संख्या बढेपछि भागवण्डा मिलाउन सकस हुने देखिन्छ ।

# प्रदेशसभाको बैठक अनिश्चितकालको लागि स्थगित

साझाकुरा संवाददाता



हेटौंडा, ३ माघ/बागमती प्रदेशसभाको बैठक अनिश्चितकालको लागि स्थगित भएको छ ।

मंगलबार प्रदेशको मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले विश्वासको मत पाएपछि प्रदेशसभा बैठक अनिश्चिकालको लागि स्थगित भएको हो । प्रदेशसभाका सभामुख भुवन कुमार पाठकले मंगलबार प्रदेशका मुख्यमन्त्री जम्मकट्टेलले विश्वासको मत प्राप्त गरेको घोषणा गर्दै अर्को सूचना जारी नभएसम्मका लागि बैठक स्थगित भएको जानकारी दिएका थिए ।

मंगलबार बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री जम्मकट्टेलले विश्वासको मत सम्बन्धी प्रस्तावमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिएका थिए । उनले वर्तमान सरकार दलगत स्वार्थभन्दा माथि उठेर जनताको विकासको पूर्वाधार, शान्ति-सुरक्षा, सुशासन एवम् प्रेस स्वतन्त्रताको लागि प्रतिबद्ध रहेको बताएका थिए । उनले प्रदेशसभामा प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसले पनि आनो संसदीय दलबाट निर्णय गरेर मौजुदा प्रदेश सरकार लाई विश्वासको मत दिने निर्णय गरेकोप्रति खुसी व्यक्त गर्दै सरकारको तर्फबाट कृतज्ञता ज्ञापन गरे ।

मुख्यमन्त्रीको विश्वासको मतको प्रस्तावमाथी छलफल गर्दै नेपाली कांग्रेस संसदीय दलका नेता बहादुर सिंह लामाले सरकारद्वारा प्रस्तुत गरिएको विश्वासको मत सम्बन्धी प्रस्तावमाथि छलफलमा सहभागी हुँदै आफ्नो पार्टीले संविधानको रक्षा, प्रजातन्त्रको सुदृढिकरण र जनतालाई जवाफदेही बनाउने उद्देश्यले गठबन्धनको सरकारको मुख्यमन्त्रीलाई आफ्नो दलको तर्फबाट विश्वासको मत दिने बताएका थिए ।

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का नेता सुरेन्द्रराज गोरसाईंले मुलुकमा बहुदलीय व्यवस्था पुनस्थापना भएलगतै प्रतिनिधिसभादेखि हाल प्रदेशसभासम्म प्रतिपक्ष दलको हैसियतमा रहेको बताउँदै प्रदेश सरकारको गठन र विश्वासको मतसम्बन्धी कार्यमा पनि आफ्नो पार्टीले प्रतिपक्षको भूमिका निर्वाह गर्ने र सरकारलाई विश्वासको मत नदिने बताएका थिए ।

छलफलमा नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया, नेकपा माओवादी केन्द्रका युवराज चौलागाई, हाम्रो नेपाली पार्टी संसदीयका नेता शैलेन्द्रराज बज्राचार्य, एकीकृत समावादी पार्टीका नेता कृष्णप्रसाद शर्मा खनाल र राप्रपाका कुमारी तामाङले छलफलमा भाग लिदै मुख्यमन्तीलाई विश्वासको मत दिने बताएका थिए । ७ दलको प्रतिनिधित्व रहेको प्रदेशसभाबाट मुख्यमन्त्री जम्मकट्टेलले ६ दलको विश्वास पाएका छन् । ११० सदस्यी प्रदेशसभामा उनले १०५ सांसदको विश्वासको मत पाएका हुन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वाइरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# उपसभामुख चापागाईंद्वारा शपथ ग्रहण

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ बागमती प्रदेशसभाको नवनिर्वाचित उपसभामुख अप्सरा चापागाईंले पद तथा गोपनीयताको शपथ ग्रहण गरेकि छिन् ।

सोमबार प्रदेशसभाको दोस्रो उपसभामुखमा निर्वाचित भएकि चापागाईंले मंगलबार प्रदेश प्रमुख यादव चन्द्र शर्माको उपस्थितिमा सभामुख भुवनकुमार पाठक समक्ष प्रदेशसभा नियमावली २०७४ को उपनियम १० बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गरेकी हुन् ।

सत्ता गठबन्धनको तर्फबाट उम्मेदवार बनेकी नेकपा एमालेकी चापागाईं सोमबार बसेको प्रदेशसभाको ६१ मत पाउदै प्रदेशुभाको दोस्रो उपसभामुख बनेकी थिइन् । शपथग्रहण समारोहमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेल, पूर्व मुख्यमन्त्री डोरमणि पौडेल, सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलिया, बिभागीय मन्त्री उद्धव थापा लगायतको उपस्थिति रहेको थियो ।

चौलागाई एमालेको समानुपातितर्फको सांसद हुन् । ललितपुर जिल्लाको महालक्ष्मी नगर पालिका वडा नम्वर ४ को स्थायी वासिन्दा उनी उपसभामुख पदमा निर्वाचित हुनुअघि एमाले बागमती कमिटीको सदस्य र कार्यालय सचिव थिइन् ।

व्यापारिक मार्ट बिक्रीमा
हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८



साझाकुरा

## हाम्रो कुरा

# व्यक्तिगत घटना दर्ता समयमै गरौं

मानिसको व्यक्तिगत जीवनमा हुने सबैखाले घटनालाई व्यक्तिगत घटना भनिन्छ । मानिस जन्मनु, मृत्यु हुनु, विवाह हुनु, सम्बन्ध विच्छेद हुनु, बसाईसराई हुनु मानिसको जीवनमा हुने घटनाहरु हुन् । यी सबै पाँच घटनालाई स्थानीय पञ्जीकरण अधिकारीसमक्ष घटना भएको ३५ दिनभित्र दर्ता गरिसक्नु पर्छ, नत्र जरिवाना लाग्छ । यी पाँच घटनामध्ये जन्म र मृत्यु सबैको जीवनमा हुन्छ । त्यो अनिवार्य दर्ता गराउनुपर्छ । तर, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई भने हुनपनि सक्छ नहुन पनि सक्छ । यी सबै घटनालाई समयमा दर्ता नगर्दा समाजमा विभिन्नखाले विकृत घटनाहरु पनि हुने गरेका छन् ।

जन्मदर्ता समयमा नगर्दा बालबालिकाले शिक्षा, स्वास्थ्य तथा राज्यबाट प्रदान गरिने विभिन्नखाले सुविधाबाट बञ्चित हुनुपर्ने हुन्छ । जन्मदर्ता नभए नगरिकता बनाउन मिल्दैन । नागरिकता नभए व्यक्तिको वास्तविक परिचय नै खुल्दैन । परिचय नखुल्दा न रोजगार गर्न पाइन्छ न व्यवसाय सञ्चालन । व्यक्तिको परिचय खुलाउने नागरिकता नभएका कारण समाजमा धेरैले असहज जीवन बिताइरहेका छन् । तर, यति हुँदाहुँदै पनि मानिसहरु व्यक्तिगत घटना दर्ता समयमा गर्दैनन् भन्ने गुनासो स्थानीय पञ्जिकरण अधिकारीहरुले बताएका छन् । घटना दर्ताका सन्दर्भमा राज्यको तर्फबाट सञ्चारमाध्यममा त्यत्तिकै सूचित गरिएको पाइन्छ । समयमा व्यक्तिगत घटना दर्ता गराउन बाध्य पार्न जरिवानाको समेत व्यवस्था गरेको पाइएको छ । तर, नागरिकको अकर्मण्यता कायम रहेको पाइन्छ ।

व्यक्तिगत घटना दर्ता राष्ट्रिय तथ्याङ्कसंग सम्बन्धित हुने हुँदा राज्यको हरेक नीति निर्माण, बजेट विनियोजन र सामाजिक सुरक्षा कार्यक्रमसमेतमा गम्भीर असर गर्ने हुँदा यसलाई सबैले महत्व दिनु आवश्यक छ । पछिल्लो समय घटना दर्ता कार्यक्रममा धेरै स्थानीयतहले अनलाईन प्रणालीमा समाविष्ट गरिसकेका छन् । त्यसैले कुनैपनि घटना अनिवार्य तर, एकपटक मात्र गर्नुपर्छ । त्यसबाट राज्यले उचित समयमा उचित योजना बनाउन सजिलो र प्रभावकारी हुन्छ । तथ्याङ्क बिना कुनैपनि योजना प्रभावकारी ढंगबाट सञ्चालन नहुने भएका कारण पनि व्यक्तिगत घटना दर्ता अत्यन्तै महत्वपूर्ण विषय भएको हो । यसलाई सबैले समयमै गरेर राज्यलाई सहयोग गर्नु र आफूले सुख पाउनुको विकल्प छैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ ५ गते बिहीबार १९ जनवरी २०२३ । द्वादशी माघ कृष्णपक्ष। पोहेलागा ११४३ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:३१। षट्तिला एकादशी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मित्रतामा कमी आउनेछ | **तुला** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ |
| **वृष** | : कामको जिम्मेवारी बढ्नेछ | **वृश्चिक** | : काम अपुरै रहने देखिन्छ |
| **मिथुन** | : मनोरञ्जन प्राप्त हुनेछ | **धनु** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **कर्कट** | : व्यापारबाट लाभ मिल्नेछ | **मकर** | : समयले साथ दिनेछ |
| **सिंह** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **कुम्भ** | : रमाइलोमा दिन बित्नेछ |
| **कन्या** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मीन** | : जोश जागर आउनेछ |

# प्रतिपक्ष बिनाको संसद: राष्ट्रिय पञ्चायतको झल्को



✍ राम नारायण देव



संसदीय लोकतान्त्रिक व्यवस्थामा प्रतिपक्ष बिनाको संसदको कल्पना गरिन्न । जहाँ प्रतिपक्ष हुँदैन, त्यहाँ निरंकुशता, अधिनायकत्वताको खतरा हुन्छ । लोकतन्त्रमाथि नै प्रहार भई मृत अवस्थामा पुग्न सक्दछ ।

विश्वका संसदीय लोकतन्त्र अङ्गाल्ने देशहरूमा सत्तापक्षलाई सचेत र सतर्क गराउन प्रतिपक्षको अहम् भूमिका हुन्छ । प्रतिपक्ष न हुँदो हो त सत्तापक्ष स्वेच्छाचारी भई लोकतन्त्रको घाँटी निमोठ्न सक्छन् । त्यसैले, लोकतान्त्रिक मूल्य, मान्यतालाई सुरक्षित राख्न संसदमा प्रतिपक्षको भूमिका महत्त्वपूर्ण हुन्छ । सत्ता पक्ष सरकारको नेतृत्व गर्दछ भने प्रतिपक्ष छाया सरकारको हैसियतमा हुन्छ । नेतृत्व गर्ने सरकार जस्तै प्रतिपक्षले पनि विभिन्न मन्त्रालय हेर्ने छाया मन्त्रिमण्डल गठन गरेको हुन्छ ।

कहीँ कतै कमी कमजोरी देखिएमा प्रतिपक्षले संसदमा आवाज उठाउँछन् र सुधार्न दबाब दिन्छन् । संसदमा सत्तापक्षको व्यवहार देखेर नै प्रतिपक्षले प्रतिक्रिया व्यक्त गर्छन् । संसदमा प्रतिपक्षको सिर्जनात्मक र रचनात्मक प्रयास जब असफल हुन्छ, तब कठोर कदम चाल्न बाध्य हुन्छन् । यसरी कहिलेकाहीँ संसदभित्र भिडन्त भएको पनि इतिहास छ । केही वर्षअघि माओवादी सांसदहरूले बजेट अधिवेशनमा संसदभित्रै भिडन्त गरी कुर्सी हानाहान गरेको दृष्टान्त पनि छ ।

यसरी संसद् सुचारु रूपले सञ्चालन गर्ने पक्ष-प्रतिपक्षलाई, सन्तुलनमा राखी सभामुखको त प्रमुख भूमिका त छँदै हुन्छ, त्यसपछि प्रतिपक्षमा बस्ने दलहरूको पनि । सभामुखको रुलिङलाई पक्ष-विपक्षले मान्नुपर्ने संसदीय मर्यादाभित्र आउँछ । सत्तापक्ष भन्दा बढी प्रतिपक्षी आक्रामक हुन्छ । कुनै न कुनै निहुँ खोजिरहनु पर्छ प्रतिपक्षले । त्यसैले सत्तापक्ष बडो संयमपूर्ण भएर प्रस्तुत हुनु पर्दछ । नत्र संसदको कारबाही अनियन्त्रित र अराजक हुन जान्छ । यसरी प्रतिपक्षको संसद्मा महत्वपूर्ण भूमिका हुन्छ ।

तर गत पुस २६ गते नवगठित सरकारले विश्वासको मतका लागि संसदमा प्रस्ताव राख्दा नयाँ गठबन्धन सरकार भन्दा बाहिर रहेको प्रतिपक्षी दल नेपाली काँग्रेसले पनि विश्वासको मत दिँदा राजनीतिक वृत्तमा नयाँ विवाद सुरु भएको छ । प्रतिपक्षमा रहेको काँग्रेसले विश्वासको मत दिनुमा के रहस्य छ भन्ने व्यापक चर्चाको विषय बनेको छ । काँग्रेसले नयाँ गठबन्धनको सरकारलाई विश्वासको मत दिएपछि संसदमा सशक्त प्रतिपक्ष नरहेकोमा बौद्धिक र राजनीतिक वृत्तमा चिन्ता थपिएको छ । सरकारलाई संसदका दुई वटा साना दल, जसको एक एक वटा मात्रै सांसद छन्, जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले मात्र विश्वासको मत दिएनन् । यसरी मौजुदा संसद् सदस्यहरूमध्ये ९९ प्रतिशतले विश्वासको मत दिए ।

वर्तमान प्रम प्रचण्ड नेतृत्वको गठबन्धनले सरकार गठनका लागि १६९ जनाको सामान्य बहुमत पुऱ्याएकै थियो । गठबन्धन बाहिर रहेका काँग्रेसलगायत दलहरूको विश्वासको मतको आवश्यकतै थिएन । तापनि काँग्रेसले प्रतिपक्षमा नबसी विश्वासको मत दिनुमा खास के कारण छ भन्ने सर्वत्र चासोको विषय बनेको छ । काँग्रेस पार्टी बैठकमा गगन थापा, विश्वप्रकाश शर्मा, अर्जुन नरसिंह केसी र बलबहादुर केसीहरूले विपक्षीमै भोट हाल्नुपर्छ भन्ने फरक मत राखेका थिए । अनि पार्टीमा फरक मत हुँदाहुँदै सभापति देउवाले सबै सांसदहरूलाई प्रचण्ड सरकारको समर्थन किन निर्देशन दिए त ? यसबारे बौद्धिक वर्गमा विभिन्न चर्चा छ । एकथरि भन्छन्, सबैभन्दा ठूलो दल भएर पनि प्रतिपक्षमा बस्नुपर्ने बाध्यात्मक अवस्थाबाट छटपटाई रहेको बेला अझै कुनै बाटो प्रयोग गरेर आफ्नै नेतृत्वमा सरकार बनाउने दाउमा रहेको देखिन्छ काँग्रेस । त्यसैले काँग्रेसले माओवादीलाई पुन: फकाउने प्रयास गरेको हो । माओवादीलाई पनि एमालेको विश्वास छैन । त्यसैले, माओवादी नेतृत्वले दुवै दलप्रति समान दूरी कायम राखेर जान खोजेको देखिन्छ ।

काँग्रेसको मत पाइसकेपछि माओवादी नेतृत्वको सरकार त बलियो देखिएको छ । तर हालै गठबन्धन तोडेर एमालेसित सत्ताको गाँठो बाँध्न पुगेको माओवादी प्रधानमन्त्रीमा आधा आधा पदावधि बस्ने सहमति गरिसकेको अवस्थामा छ । यदि एमालेले सहमति तोड्यो भने काँग्रेससित गठबन्धन गर्न सक्छ । यसरी पूरा कार्यकालका लागि माओवादीले रक्षा कवचको रूपमा एमाले, काँग्रेसलाई विश्वासमा राख्न खोजेको देखिन्छ ।


यसैबिच संविधानविद्हरुको मिश्रित प्रतिक्रिया आएका छन् । संविधानविद् डा. विपिन अधिकारीको भनाइमा सरकारलाई भोट दिएर पनि प्रतिपक्षमा बस्न सकिन्छ । त्यसलाई संविधानले रोक्दैन । तर त्यो व्यवहारमा पुष्टि हुनु पर्दछ । उनका अनुसार अहिले काँग्रेसले भोट दिनुपर्ने आवश्यकता थिएन । सत्ता गठबन्धनकै भोट पर्याप्त थियो । प्रतिपक्षमा रही वैकल्पिक सरकारको मूल्य मान्यतामा बस्नु पर्दथ्यो ।

अर्का संविधानविद् दिनेश त्रिपाठीले भने काँग्रेसले न सत्तापक्ष, न प्रतिपक्षको अवस्था बनाएर नैतिक र कानुनी रूपमा गम्भीर गल्ती गरेको बताउँछन् । सरकारलाई समर्थन गरेर भोलि प्रतिपक्षको हैसियतले संवैधानिक परिषद्को बैठकमा काँग्रेस कसरी बस्ला ? यसमा नैतिक र कानुनी प्रश्न उठ्ने उनको तर्क छ । यसरी काँग्रेसले माओवादी नेतृत्वको सरकारलाई विश्वासको मत दिएर संसदीय व्यवस्थामाथि प्रहार गरेको छ । अब जनमोर्चा र नेमकिपाका एक एक जना सांसद मात्र वैधानिक रूपमा प्रतिपक्षमा छन् । संविधान र परम्परा विपरीत काँग्रेसले समर्थन दिँदा यसको लोकतान्त्रिक निष्ठामा प्रश्न उठेको छ । प्रतिनिधिसभामा सबै दलले प्रधानमन्त्री प्रचण्डलाई भोट दिएपछि संसद् प्रतिपक्षविहीन बन्न पुगेको छ । जबकि संसदीय व्यवस्थामा प्रतिपक्ष हुनु अनिवार्य हुन्छ । प्रतिपक्ष विनाको संसदको कुनै अर्थ हुँदैन ।

यसरी अहिले संसद् प्रतिपक्ष विनाको पञ्चायतकालीन राष्ट्रिय पञ्चायत जस्तै भएको छ । निर्दलीय पञ्चायत व्यवस्थामा कुनै राजनीतिक दल थिएन । सबै एउटै पञ्चायतको सदस्यको रूपमा चिनिन्थे । बहुदलीय व्यवस्थामा निर्दलीय पञ्चायती व्यवस्थाको चरित्र देखिनु दुर्भाग्य भएको छ । यसले गणतन्त्र भएर पनि राजतन्त्रको झझल्को दिइरहेको छ । संघीय व्यवस्थामा पनि एकात्मकताको गन्ध छ । सारमा संसद् अब बहुदलीय नभएर एकदलीय हुन पुगेको छ । अहिलेको संसदमा राजतन्त्रवादी, गणतन्त्रवादी, लोकतन्त्रवादी, साम्यवादीसँगै सङ्घीयता विरोधीहरू पनि छन् । राजतन्त्रवादीहरू त हाकाहाकी राजालाई पुन: राजदरबारमा फर्काउने कुरा गरिराखेका छन् । यस्तो स्थितिमा संघीय लोकतान्त्रिक गणतन्त्रवादीहरुले चनाखो हुने बेला आएको छ । यसरी संसदीय लोकतन्त्र खतरा मुक्त छैन । विडम्बना संसद् प्रतिपक्षविहीन छ ।

साभार: रातोपाटी

# शिक्षामा निरन्तर खेलबाड



✍ प्रकाशचन्द्र लोहनी

केही दिनअगाडिको कुरा हो । नेपाल सरकारका उच्चपदस्थ केही व्यक्तिसहित एउटा सानो जमघटमा हामी छलफल गर्दै थियौं । विषय थियो- देशमा शिक्षाको गुणस्तर किन सुनि सकेन ? अचानक एक महानुभावले भन्नुभयो, 'हेर्नुस्, आफ्ना त दुई छोरा छन् । एउटालाई काठमाडौंको राम्रो स्कुलमा महिनाको ३० हजार तिरेर पढाइ दश जोड दुई पास गरेपछि अस्ट्रेलिया पठाइदिएँ ।

अर्को छोरो पनि अमेरिका गइसक्यो । उतै बस्छ । अब हामी पनि रिटायर्ड भएपछि त्यतै जाने हो ।' यो भनाइमा त्यहाँ रहेका कसैको आपत्ति थिएन । सबैले वक्तालाई प्रोत्साहन गरे र आआफ्ना सन्तानका लागि पनि त्यस्तै सोचेको सुनाए । म आफैं पनि चुप थिएँ । मेरा सन्तान पनि विदेशमा काम गर्दै छन्, यद्यपि म आफू यो सास रहुन्जेल आफ्नो देशमै समर्पित रहने अठोटमा प्रतिबद्ध रहिरहेकै छु ।

विदेशमा अध्ययन गर्ने या काम गर्ने चाहना राख्नु आफैंमा नकारात्मक होइन । यो विश्वमा ज्ञानको आदानप्रदान र भ्रमण धेरै पहिलेदेखि नै हुँदै आएको हो । यसको ऐतिहासिक उदाहरण दक्षिण एसियामा नालन्दा विश्वविद्यालय हो । भारतको यो प्रसिद्ध बौद्ध विश्वविद्यालय बेलायतमा अक्सफोर्ड विश्वविद्यालय स्थापना हुनुभन्दा धेरै अगाडिदेखि नै चिनियाँ, अरब र अन्य देशका विद्यार्थी र विद्वान्हरूको जमघटको स्थल थियो । पाँचौं शताब्दीदेखि तेह्रौं शताब्दीसम्म नालन्दा बौद्ध विश्वविद्यालय दर्शनशास्त्र, गणित, विज्ञान, इतिहास, खगोलशास्त्र, भौतिकशास्त्र, भूगोल लगायतका विषयका लागि विश्वकै ज्ञान केन्द्र थियो । चीनका ह्वेन साङ र इरानका अलबरुनीजस्ता प्रकाण्ड विद्वान्हरूले यो विश्वविद्यालयमा प्रवेश पाएका थिए । यो यथार्थता आफ्नो ठाउँमा छ, तर जब शासक वर्गको शिक्षाको चाहना र व्यवस्था नै विदेशकेन्द्रित भएर जान्छ, त्यस बखत देशविशेषको संस्थागत सुधार र क्षमतावृद्धिको उपेक्षा हुने हो कि भन्ने प्रश्न टड्कारो हुँदै आउँछ र यसको सबभन्दा बढी नकारात्मक प्रभाव शिक्षाको गुणस्तर, विकास र राष्ट्रिय अस्तित्वमा नजानिँदो किसिमबाट देखा पर्छ ।

**पलायनको संस्कृति**

आजको नेपालमा राष्ट्रियता र देश विकासको ठूलो नारा छ तर यसका साथसाथै नेपालको हुनेखाने वर्गका सन्तानहरूको पढाइका साथै विदेशमै बसोबास र घरजम गर्ने आकांक्षा सर्वस्वीकृत संस्कृति र अग्रगामी मान्यताका रूपमा स्थापित हुँदै गएको छ । हुनेखाने वर्गका लागि नेपाल अब झन्डै अस्थायी बसोबासको ठाउँ हुने हो कि जस्तो देखिन लागेको छ । हरेक वर्ष नेपालको हुनेखाने वर्गका सन्तानहरू हजारौंको संख्यामा अस्ट्रेलिया, अमेरिका र युरोप पढ्न भनेर जान्छन् । अर्बौं विदेशी मुद्रा यसका लागि सटहीका रूपमा देशको वैदेशिक सञ्चितिबाट खर्च हुन्छ । यसबारे कसैले प्रश्न उठाउँदैन । यसमा कडाइ गर्न हुनेखाने वर्ग तयार हुँदैन । यद्यपि औपचारिकता पुऱ्याउन राष्ट्र बैंकले यसबारे चिन्ता व्यक्त गर्ने गरेको छ । पढ्न जाने भने पनि अधिकांशको इच्छा पढाइका साथसाथै जिन्दगी उतै बिताउने हुन्छ र बढ्दो संख्यामा कतिपय परिवारका छोराछोरी उतै 'सेटल' भएपछि आमाबाबु पनि उतै जाने योजनामा हुन्छन् । यो प्रवृत्ति बढ्दै गएको छ । यसको अर्थ, हुनेखाने वर्ग विदेशमै चाडबाड मनाएर नेपाल सम्झने बुँदामा केन्द्रित हुँदै गएको छ । नेपालप्रति अपनत्व धेरै छ भन्नेमा आफूलाई विश्वस्त तुल्याउन उनीहरू नेपालमा बस्नेहरूले भन्दा बढी नेपाली संस्कृतिको प्रदर्शन गर्ने गर्छन्, यथार्थमा उनीहरूका लागि नेपाल बिस्तारै विदेश हुँदै गइरहेको छ ।

नेपालको हुनेखाने वर्गको विदेश पलायनको प्रवृत्तिले देशको समष्टिगत विकासका साथै विशेषत: शिक्षाका क्षेत्रमा गम्भीर प्रभाव पार्दै आएको छ । हुनेखाने वर्गको ध्यान सरकारी तहको शिक्षाको स्तरोन्नत्ति र विकासमा छैन । यसको कारण स्पष्ट छ– हुनेखाने वर्गका लागि स्कुले शिक्षा अमेरिका र अन्य पाश्चात्य मुलुकमा प्रवेश पाउने साँचो हो । त्यसकारण उनीहरूको ध्यान मूलत: निजी विद्यालयको विस्तार, विकास र उत्कृष्टतामा केन्द्रित छ र यो हदसम्म सरकारी विद्यालयहरू उपेक्षित हुनु स्वाभाविक हुन आउँछ । यहाँ निजी क्षेत्रमा महिनाको ५० हजार शुल्क तिर्नुपऱ्यो भनी लामो सुस्केरा निकालिन्छ । त्यो लामो सुस्केरामा गर्व हुन्छ, सर्वहाराको छाया पनि हुन्छ अनि अमेरिका र बेलायत या जापानको सपना हुन्छ । यो सपनामा सरकारी विद्यालयहरूले ठाउँ पाउँदैनन् ।

धेरैजसो निजी विद्यालय सहरमा केन्द्रित छन् किनभने सहरमै हुनेखाने वर्गको बसोबास छ । उदाहरणका लागि, काठमाडौंमा करिब ७० प्रतिशत विद्यार्थी निजी स्कुलमा पढ्छन् । टाई लगाएर स्कुल जाने र अंग्रेजी बोल्ने उनीहरूको संस्कारको सपना नेपाल होइन, विदेश र विशेषत: पाश्चात्य मुलुक हो । यो रचनामा सामाजिक न्याय हराएको छ तर नेपालको हुनेखाने वर्गका लागि त्यो चासोको विषय भएको छैन ।

देशमा सरकारी क्षेत्रमा लगानी र गुणस्तरको धेरै गफ हुन्छ अनि विश्व बैंकले दिएको ऋण र अनुदान यो क्षेत्रमा खर्च पनि हुन्छ तर हुनेखाने वर्गका बच्चाहरूमध्ये निकै थोरै मात्र सरकारी स्कुलकेन्द्रित हुन्छन् । स्वभावत: यसका तीन प्रभाव पर्छन् । पहिलो, देशका नीतिनिर्माताहरूमा निजी शिक्षा र सार्वजनिक शिक्षाबीचको विभेद हटाउन गम्भीर चासो हुँदैन । त्यसैले गफ धेरै हुन्छ तर गुणस्तरीय सार्वजनिक शिक्षामा ध्यान दिइँदैन किनभने आफ्ना सन्तानले निजी स्कुलमा महँगो शुल्क तिरेर पनि गुणस्तरीय शिक्षा पाएकै छन् । दोस्रो, निजी स्कुलहरूको ज्यादतीबारे सरकार मौन रहन्छ किनभने हुनेखाने वर्गका लागि महँगो निजी शिक्षाको विस्तार नै भविष्यको आधार हो । तेस्रो, महँगो निजी शिक्षा भ्रष्टाचारको कारक पनि हो । युरोप, अमेरिका या अस्ट्रेलियाको सपना पूरा गर्न निजी स्कुलमा सन्तान भर्ना गर्नु आवश्यक हुन आउँछ । शुल्क महँगो हुन्छ । महँगो शुल्क तिर्न तलबले पुग्दैन । अनि राज्यकोषमा हात लामो गर्नु स्वाभाविक हुन आउँछ ।

**नाफामूलक व्यवसाय**

निजी शिक्षा देशमा फस्टाउँदो नाफामूलक व्यवसाय भएको छ । हुनेखाने वर्गका लागि शिक्षामा लगानी आकर्षक हुँदै गएको छ । बालबालिकाको शिक्षा र त्यससँग जोडिएको विदेशबसाइ अनि आम्दानीका कारण, जतिसुकै महँगो भए पनि शिक्षामा लगानी गर्ने निजी क्षेत्रको प्रयास रहिरहन्छ । महँगो निजी शिक्षामा लगानी गर्दा नेपालभित्र पाइने प्रतिफलभन्दा विदेशी आम्दानी र प्रतिफल निर्णयको एउटा आधार बन्छ । यो नाफामूलक लगानीबाट लगानीकर्तालाई हुने प्रतिफलप्रति राज्यले खासै चासो लिएको देखिँदैन । यसको कारण लगानीको स्रोतसँग जोडिन्छ । अर्थात्, महँगो निजी शिक्षामा लगानी गर्नेहरूमा 'समाजवादी' र 'अग्रगामी' हरू छन् । माओवादी 'अग्रगामी' हरूले निजी शिक्षाको ठूलो विरोध गरेका थिए । तर अब परिस्थिति बदलिएको छ । विदेशमा छोराछोरी पढाउनेमा हिजोका 'क्रान्तिकारी' हरू नै अग्रपंक्तिमा छन्, निजी शिक्षण संस्थाको निर्माणमा आफूले जम्मा गरेको धनको उपयोग गरेका छन् । हिजोको सर्वहारा शिक्षाको टुप्पोबाट आज शिक्षालाई पुँजीवादी विकासको एउटा क्षेत्र बनाउनु सैद्धान्तिक रूपमै गाह्रो विषय भएको छ । दशकौंसम्म 'बुर्जुवा' शिक्षाको विरोधमा खडा गरिएको कथा आज बिर्सिनु निश्चय पनि 'अग्रगामी विडम्बना' हो । तर यो यथार्थतालाई नेताहरूले लाज मानेरै भए पनि पचाइसकेका छन् । यही कारण देशमा हुनेखाने वर्ग र नयाँ प्रगतिशील झुन्डले समयसमयमा सर्वहारा शिक्षाको भाषण गर्छ र गरिब परिवारका सन्तानका लागि आँसु चुहाउँछ । तर यो सबै ढोङ हो । व्यवहारमा शिक्षा अब पैसा कमाउने व्यापार भएको छ । त्यसैले समाजवादी र वामपन्थी शासन अन्तर्गत निजी शिक्षाले भविष्यमा सबै सहुलियत पाउनेछ एवं यसको विस्तार र प्रतिफलको सुरक्षा सरकारले नै गर्नेछ । तिनले यसैलाई समाजवादको उपलब्धि भनेमा आश्चर्य मान्नुपर्दैन ।

सरकारले छाडा छोडेको निजी शिक्षाले नेपाली समाजमा गरिब र धनीको विभेदलाई चर्काउँदै लैजाने स्पष्ट छ । टाई लगाएर मकै पड्केको जस्तो अंग्रेजी भट्याउने र विदेशलाई भविष्यको आफ्नो बासस्थान सम्झने वर्ग र तिनीहरूको शासन नेपालको मौलिकताका रूपमा विकसित हुँदै छ । यस क्रममा बल्लबल्ल दस जोड दुई पास गरेर या फेल भएर मध्यपूर्वको चर्को घाममा पसिना चुहाउने वर्गको पीडाप्रति संवेदनशीलहरूमा शासन व्यवस्थाको पकड कमजोर हुँदै गइरहेको छ । यस्ता गरिब र निमुखाहरूलाई विदेशमा कामदारकै रूपमा पठाउँदा पनि कमसेकम सीपमूलक तालिम अनिवार्य गराऔं भन्ने मनस्थिति, योजना र कार्यक्रम शासक वर्गमा अहिलेसम्म बनाउन सकेको छैन । किनभने यस्तो काम गर्नेमा हुनेखाने वर्गका सन्तान विरलै पाइन्छन् ।

देशमा उच्च शिक्षाको प्रगति हुने र शिक्षण स्तरको उन्नति हुने सम्भावना बलियो देखिँदैन । ४ लाखभन्दा बढी विद्यार्थी बोकेर त्रिवि परीक्षाफल पनि समयमा निकाल्न नसक्ने संगठनमा रूपान्तरित भइसकेको छ । तर यसको सुधार र उच्च शिक्षाको संरचनागत गुणस्तरीय रूपान्तरणमा राजनीतिक तहमा ध्यान गएको छैन । कुनै छलफल छैन । देशको राजनीति र विद्यार्थी राजनीतिलाई यसका लागि बारम्बार दोष दिइन्छ तर यो हाम्रो शैक्षिक दुर्गतिको एउटा सानो अंश हो । मूल कुरो हुनेखाने वर्ग र नीतिनिर्माणमा प्रभावकारी रहेका नेतृत्वहरूका लागि आफ्ना सन्तान विदेशमा पढ्न पठाएपछि देशभित्रको शिक्षण संस्थाको सुधार प्राथमिकतामा परेको छैन । त्रिविले परीक्षाफल ननिकालेको कुराले सायद त्यति महत्त्व पाएन । आफ्ना सन्तानले विदेशमा राम्ररी पढ्न पाएकै छन्, त्रिवि सुधार र परिवर्तन गर्दा हुने राजनीतिक जोखिम किन लिने ? यही कारण उच्च शिक्षामा सुधारको चासो पनि छैन ।

करिब ५० वर्षअगाडि म क्यालिफोर्निया विश्वविद्यालयबाट भर्खरै पीएचडी सकेर तथा पशुपतिशमशेर अक्सफोर्डबाट स्नातक भएर त्रिविको सेडा भन्ने संस्थामा आयौं । सुरुका केही वर्ष त्यो संस्था जीवन्त थियो । त्यस बखत सरदार रुद्रराज पाण्डेको नेतृत्वमा चलेको त्रिविले हामीलाई काम गर्न कल्पना गरेभन्दा बढी स्वतन्त्रता दिएको थियो । यस्ता सबै संस्था बिस्तारै निरीह हुँदै गए । त्रिवि आज आफैं बिरामी छ । कसैलाई वास्ता छैन । वास्ता राखिने सम्भावना पनि मैले देखेको छैन । किन ? उत्तर खोज्न नेपाल सरकारका सेक्सन अफिसर र सोभन्दा माथिका कर्मचारी तथा मध्यम र ठूला व्यापारीका दस जोड दुई पास गरेका सन्तानहरू कहाँ पढ्दै छन् भन्ने तथ्यांक हेरौं । यदि यो समूहका सन्तानहरू विदेशमै पढ्दै छन् या विदेश जाने सुरसारमा छन् भने यहाँ सुधार गर्ने चासो कमजोर हुनु स्वाभाविक भएन र ?

अब के गर्ने ? छलफल गरौं यथास्थिति अस्वीकार गरौं । यस विषयमा चिन्तन गर्ने प्रबुद्ध व्यक्तिहरूको देशमा कमी छैन । अब अग्रगमनको नक्कली भाष्यमा नेपालको शिक्षा क्षेत्रको भविष्यमाथिको खेलबाड रोकौं ।

*(साभार: ई-कान्तिपुर)*

# म्यानपावर र रेमिट्यान्स व्यवसायीलाई श्रम मन्त्रालयको चाबी

काठमाडौं/चुनावअघि राष्ट्रिय स्वतन्त्र पार्टीले वाचापत्र सार्वजनिक गर्दै रोजगारीका लागि बाध्यतावश देश छाड्नु नपर्ने बताएको थियो । वाचा पत्रमा ३१ वर्षपछि कुनै पनि नेपाली वैदेशिक रोजगारीका लागि विदेश जान बाध्य हुनुनपर्ने कल्पना पूरा हुने भनिएको थियो ।

तर, यो वाचापत्र ल्याउने पार्टीका सभापति रवि लामिछानेले म्यानपावर कम्पनी, विद्यार्थीलाई विदेश पठाउने शैक्षिक परामर्श सेवा (एजुकेसन कन्सल्टेन्सी) का सञ्चालक एवं रेमिट्यान्स व्यवसायीलाई नै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा पठाएका छन् । रास्वपाले गरेको निर्णयका आधारमा पार्टी उपसभापति समेत रहेका डोलप्रसाद अर्याल श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री नियुक्त भए र मंगलबार पद तथा गोपनीयताको शपथ लिए ।

अर्याल सोझै स्वार्थ बाझिने मन्त्रालयमा मन्त्री बनेर आएका छन् । अर्याल म्यानपावर कम्पनीसँग पनि जोडिएर आफ्ना व्यवसायहरू चलाउँछन् । उनी रेमिट्यान्स व्यवसायमा समेत संलग्न छन् ।

उनी नयाँ बानेश्वरको श्रृष्टि ओभरसिज इम्प्लोयमेन्ट सर्भिस प्रालिका अन्तर्राष्ट्रिय बजार निर्देशक हुन् । ओभरसिजको आधिकारिक वेबसाइटका अनुसार यो म्यानपावर कम्पनीको पार्टनरका रूपमा अर्यालकै कम्पनी सुमिरे ट्राभल एन्ड टुर्स पनि छ ।

श्रृष्टि ओभरसिजका एक सञ्चालकका अनुसार अर्यालले जापानबाट एक परियोजनामार्फत श्रमिक विदेश लैजानका लागि एक एजेन्टसँग सम्पर्क गराएका थिए । त्यसैमार्फत उनले जापानमा 'जिट्को' मार्फत श्रमिक लैजान समन्वयका लागि काम गर्ने गरेका छन् । सिधै लगानी नभएपनि कम्पनीसँग जोडिएर जापानमा श्रमिक लैजान आर्यालले काम गर्ने गरेका छन् । कम्पनीको वेबसाइटका अनुसार उनी अझै पदीय जिम्मेवारीमा कायम छन् ।


पूर्वसचिव शारदाप्रसाद त्रिताल स्वतन्त्र पार्टीका सभापति रबि लामिछाने आफैं पनि नागरि कताबारेको छानविनमा रहेको अवस्थामै स्वार्थ बाझिने गरी गृहमन्त्री भएको उदहारण दिंदै प्रजातन्त्रिक प्रणालीलाई नै ध्वस्त गराउने गरी यस्तो काम भइरहेको बताउँछन् । 'स्वार्थ बाझिने भएपछि प्रतिनिधिसभाको उम्मेदवारी दर्ता गर्दा नै आफ्नो सबै व्यावसायिक जिम्मेवारी छोडिसक्नुपर्ने हो,' उनी भन्छन् ।

म्यानपावर व्यवसायीलाई नियमन गर्ने मन्त्रालयको नेतृत्वमा नै म्यानपावर कम्पनीसँग जोडिएका व्यवसायी पुगेपछि भविष्यमा पीडित श्रमिकले झन् बढी सास्ती भोग्ने अवस्था आउने डर विज्ञहरु बताउँछन् ।

समानुपातिक पद्धतिबाट सांसद् उनी जापान केन्द्रित रेमिट्यान्स कम्पनी इजीलिंक रेमिटका सञ्चालक हुन् । कम्पनीको वेबसाइटमा उनी इजीलिंक रेमिटको निर्देशक एवं प्रमुख कार्यकारी अधिकृत (सीईओ) रहेको उल्लेख छ ।

२०५३ सालमा विद्यार्थी भिसामा जापान गएका उनी ८ वर्ष त्यहाँको रेस्टुरेन्टमा श्रमिकका रुपमा काम गरेर स्वदेश फर्किएका थिए । त्यसपछि अर्यालले पर्यटनसँगै रेमिट्यान्स व्यवसाय सुरु गरेका थिए । विदेश जाने विद्यार्थीलाई लक्षित गरेर कन्सल्टेन्सी सुरु गरेका उनले योकोहामा जापानिज भाषा केन्द्र, सुमिरे टुर्स एण्ड ट्राभल्स लगायतका व्यवसायमा लगानी गरेका थिए ।

धादिङको ज्वालामुखी गाउँपालिका स्थायी घर भएका अर्याल आफूलाई सहकारी अभियन्ताका रुपमा चिनाउने गर्छन् । उनी जनसागर बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष समेत भएका थिए । रवि लामिछाने फाउन्डेसनले रास्कोट कम्युनिटी हस्पिटल बनाउने क्रममा रवि लामिछानेसँग जोडिएका उनले रास्वपा गठनपछि प्रवास विभाग प्रमुखको जिम्मेवारी पाएका थिए । लामिछाने २८ असोज २०७५ मा अर्यालको कम्पनी इजीलिंकको ब्रान्ड एम्बेसडर समेत बनेका थिए ।




विगतमा आफैं श्रमिक भएर वैदेशिक रोजगारीमा गएकाले विदेशिएका नेपालीका मर्म आफूले राम्रोसँग बुझ्ने उनी बताउँछन् । 'अब म सबै नेपाली दाजुभाइको साझा मान्छे हुँ, मैले सबैको हित र राम्रोका लागि काम गर्छु', अर्यालले पदभार ग्रहण गरेपछि भने, 'स्वदेशका बेरोजगार जनशक्तिलाई रोजगारी दिन र विदेशमा रहेकाहरुको समस्यालाई अध्ययन गराएर हामी काम गर्छौं ।'

उनले नेपालमा जागिर नपाएर विदेशिनुपर्ने अवस्था अन्त्यका लागि पनि गम्भीर रहेको बताए । भने, 'विदेश जानैपर्नेका लागि उनीहरुको आत्मसम्मान र सुरक्षाको प्रत्यभूति सरकारले गर्छ ।'

## चुनौतीका चाङ

अर्याल त्यस्तो समयमा मन्त्रालयको नेतृत्वमा पुगेका छन्, जतिबेला देशभित्रै बेरोजगारी दर तीब्र गतिमा उकालो लाग्दो छ । गत आर्थिक वर्ष २०७८/७९ मा मात्रै ६ लाख ३७ हजार युवा श्रमका लागि विदेशिंदा पनि अरु ८ लाख ४१ हजारले प्रधानमन्त्री रोजगार कार्यक्रममा केही दिन काम पाइने आशमा स्थानीय तहमा आफ्नो नाम बेरोजगारका रुपमा दर्ता गरेका थिए ।

यसैवर्ष पनि ४ लाख भन्दा बढी श्रमिक सरकारसँग स्वीकृति लिएरै विदेश गइसकेका छन् । यसमाथि भारतमा जाने लाखौं श्रमिकको गणना गर्ने सरकारी संयन्त्र नै छैन ।पछिल्ला दिनमा त सहरहरुबाट अनौपचारिक र असंगठित क्षेत्रका गरिखाने श्रमिक वर्गलाई धपाउने क्रम बढेको छ । सडक, फुटपाथ, ठेला रिसक्सा र साइकलमा व्यापार गर्ने वर्गमाथि काठमाडौंदेखि जिल्ला-जिल्लाका नगरपालिकाहरु निर्मम ढंगले व्यवहार गरिरहेका छन् ।

देशभित्र राम्रो अवसर नपाएपछि युवाहरुलाई कामका लागि विदेशिनुको विकल्प छैन । तर त्यही वैदेशिक रोजगारीमा पनि अनेक विकृति र व्यवधान छन् । देशभित्रै रोजगारी सिर्जना गर्ने जिम्मा लिएर बसेको श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले आन्तरिक रोजगारी सिर्जनाका लागि सीमित संख्यामा सामान्य सिप सिकाउनेबाहेक अन्य काम गर्न सकेको छैन ।

विकल्पमा रुपमा रहेको वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित गर्न समेत मन्त्रालय असफल छ । वैदेशिक रोजगारीमा जानेहरुलाई सिप अनिवार्य गरेर आम्दानी बढाउने बाटो खोल्नेदेखि युरोपका आकर्षक श्रम गन्तव्यहरुमा नेपाली पठाउन पहल लिन मन्त्रालयअघि सारेको छैन । ठूलो संख्यामा अदक्ष कामदारलाई विदेश पठाउँदा गुमेको जनसांख्यिक लाभको विश्लेषणसम्म भएको छैन ।

बरु मन्त्रालयका निर्णयहरुमा वैदेशिक रोजगारीमा जाने युवालाई ठग्ने व्यवसायीहरुकोहा हावी हुने गरेका छन् । म्यानपावर व्यवसाय, वैदेशिक रोजगारीका लागि भिसा प्रक्रियादेखि स्वास्थ्य परीक्षणसम्म चलाइरहेका सीमित बिचौलिया व्यवसायीहरुले श्रम मन्त्रालयलाई आफ्नो नियन्त्रणमा राख्न खोज्ने गरेका छन् ।

मलेसियासहित ६ वटा खाडी मुलुक जाने कामदारका लागि फ्रि भिसा र फ्रि टिकटको व्यवस्था लागू गर्ने निर्णय भएकै ८ वर्ष पुग्न लाग्यो । व्यवसायीले कामदारबाट मोटो रकम उठाएर १० हजार (तोकिएको सेवा शुल्क) को बिल थमाइदिने गरेका छन् । विगतमा खाडी र मलेसिया जाने युवाले कम्तीमा साढे १ लाख तिर्थे, तर अहिले त्यो 'रेट' साढे २ लाख नाघेको छ ।

कयौं विदेश जान चाहानेहरुको पासपोर्ट मात्रै हैन, पैसा समेत म्यानपावर र एजेन्टहरुले बन्धक बनाएर राखेका छन् । विदेश पठाउने बाहनामा हुने यस्तो ठगी रोक्न मन्त्रालय र मन्त्रालय अन्तरगतको वैदेशिक रोजगार विभागले पर्याप्त प्रयत्न समेत गर्न सकेको छैन ।स्थानीय तहका जनप्रतिनिधिसँगको मिलेमतोमा युवालाई मोटो रकम असुलेर ६ महिने कामका लागि युवालाई विदेश पठाउन विचौलिया समूह सल्बलाएका छन् । मानव तस्कर समूहले मोटो रकम असुलेर युरोप र अमेरिकी देशमा पुऱ्याएर अलपत्र पारिदिने क्रम बढेको छ । कयौं एजुकेसन कन्सल्टेन्सीदेखि ट्राभल कम्पनीसम्म यस्तो अवैध ठगी धन्दामा जोडिएका छन् । यी सबै समस्याको सामना गर्नु अर्यालका लागि चुनौती हुनेछ ।

युवाहरु म्यानपावरबाट ठगिएर विदेशमा बिचल्लीमा पर्ने घटना कम छैन । विदेशमा भने अनुसारको तलब नपाउने, जोखिमपूर्ण काम गर्नुपर्ने, स्वदेश फर्किन कठिन हुने, कतिपय अवस्थामा जेल सजाय भोग्नुपर्ने र ज्यानसमेत गुमाउनेसम्मका अवस्थाबाट नेपाली कामदार पीडित छन् । तर, उनीहरुलाई समयमै उद्धार गर्न दूतावास र सरकारी संयन्त्रहरु असफल छन् ।

बल्ल-तल्ल स्वदेश फर्किएपछि ठगिएका श्रमिकले न्याय पाउने ढोका समेत बन्दजस्तै छ । श्रमिकले ठगिंदा पनि सहज न्याय नपाउने र ठग म्यानपावर तथा दलालहरुले उन्मुक्ति पाइरहने विडम्बनापूर्ण अवस्था छ । विदेशबाट ज्यान जोगाएर फर्किएकाहरुले क्षतिपूर्ति पनि नपाउने र पाइहाले बढीमा १० हजार (बिलमा भएको मात्रै) फिर्ता पाउने अवस्था विद्यमान छ । विदेशमा घरेलु कामदार पठाउन लागेको रोक नखुल्दा धेरै महिलाहरु अवैध बाटो भएर विदेश गइरहेका छन्, यसका कारण महिला श्रमिक अवैध भएर झन् असुरक्षित तवरले विदशेमा काम गर्न बाध्य छन् ।

विदेशमा अकालमै ज्यान गुमाउने नेपालीको संख्या पनि उत्तिकै बढ्दो छ । कतिपय प्रमुख श्रम गन्तब्य मुलुकसँग नै श्रम समझदारी हुन सकेको छैन । विगतमा भएका श्रम समझदारीको पुनरावलोकनमा पनि चासो दिइएको छैन ।

भएका श्रम समझदारीको पूर्ण र अक्षरस: पालना गराएर विदेश जाने नेपालीलाई सामाजिक सुरक्षामा समट्ने कुरामा सरकार चुकिरहेको छ । रेमिट्यान्सलाई उत्पादनमुलक क्षेत्रमा लगानी गराउने योजना कागजमै सीमित छ । रेमिट्यान्सको वैधानिक आप्रवाहलाई प्रोत्साहित नगर्दा हुन्डी मौलाएको छ । तर, पनि १० खर्ब बढीको वैधानिक रेमिट्यान्स पठाउने वर्ग सरकारको उपेक्षामा छ । यतिसम्म कि वैदेशिक रोजगारीबाट स्वदेश फर्किंदा एयरपोर्टमा परिवारका लागि ल्याएको उपहार रोकेर हैरानी दिने र अपमान गर्ने काम भइरहेको छ । अझै पनि रेमिट्यान्स व्यवसाय गरिरहेका मन्त्री अर्यालले वैधानिक रेमिट्यान्स प्रोत्साहित गर्ने नीति बनाउन त सक्लान्, तर उनी आफैंसँग स्वार्थ बाझिने विषय भएकाले उनले लिनसक्ने त्यस्ता निर्णयहरु विवादरहित नहुने जोखिम छ ।

स्वार्थ बाझिने व्यक्ति मन्त्री भए मन्त्रालयबाट कयौं नीतिगत र अन्य निर्णयहरु प्रभावित हुने जोखिम हुने स्वार्थको द्वन्द्वका बारेमा अध्ययन गरिरहेका किरण चापागाईं बताउँछन् । 'सार्वजनिक पदमा पुग्नुअघि नै आफ्नो स्वार्थ बाझिने कुरा घोषणा गरेर संलग्नता त्याग्ने काम हुनुपर्छ,'उनले भने ।

वैदेशिक रोजगार विज्ञ रामेश्वर नेपाल नयाँ श्रममन्त्रीले गरिबी र बेरोजगार वर्गमाथिको शोषण, बाध्यकारी श्रम, बेचविखन, महिला श्रमिकमाथि विभेद हटाउने गरी काम गर्नुपर्ने बताउँछन् । 'पुराना मन्त्री र प्रशासकले नगण्य मात्रामा वैदेशिक रोजगारी क्षेत्र सुधारका पहलदकमी लिएका छन्,' उनी भन्छन्, 'तर श्रमिकमाथिको ज्यदती न्युनीकरण गर्ने नियन्त्रण भएको छैन, त्यो प्रथमिकतामा पर्नुपर्छ ।'

त्यसका लागि भएका कानुनहरु हुबहु लागू गर्ने, सरकारी संयन्त्रलाई चुस्त-दुरुस्त र प्रभावकारी बनाउन कसैको दबावमा नपरी काम गर्नुपर्ने उनको भनाइ छ । कम गर्न सकिने भएपनि विदेशमा बढिरहेको श्रमिकको अस्वभाविक मृत्युलाई रोक्न र न्युनीकरण गर्न समेत नयाँ श्रममन्त्रीले ठोस कदम चाल्नुपर्ने उनको भनाइ छ ।

'हाम्रो श्रम कूटनीति साह्रै फितलो र कमजोर छ, हामीले श्रम गन्तब्य मुलुकसँग आफ्ना दश्रमिकको हक अधिकारका मामिलामा प्रभाव छाड्ने खालका दाबी र अडान राख्न सक्नुपर्छ,' उनी भन्छन्, 'शून्य लागत हुने गरी श्रम समझदारी गरेका मुलुकमा जान श्रमिक्ले औसत साढे २ लाखसम्म बुझाइरहेका छन्, यसलाई अन्त्य गर्न जरुरी छ ।'

### आउला बेरोजगारी हटाउने योजना ?

समस्या आन्तरिक श्रम र रोजगारीमा पनि उत्तिकै छन् । मूलत: बेरोजगारीको विकराल अवस्था हटाएर देशभित्रै रोजगारी दिलाउनेतर्फ लाग्नु अर्यालको मूख्य जिम्मेवारी हुनेछ । रोजगारीको क्षेत्रमा चरम संकट आउँदा श्रम मन्त्रालय निरीह बनेर बसेको गुनासो छ ।

किनकी बाध्यात्मक बनेको वैदेशिक रोजगारीलाई प्रवर्द्धन गर्ने कि आन्तरिक रोजगारी सिर्जनाका लागि गति बढाउनेबारे श्रम मन्त्रालय अहिलेसम्म अलमलमा छ । २०७५ मा ५ वर्ष वर्षभित्र बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जानुपर्ने अवस्था अन्त्य गर्ने घोषणा गरेको सरकारले त्यसका लागि ठोस योजना पनि ल्याउन सकेको छैन । झन् देशभित्र वर्षैसाल बढिरहेको बेरोजगारीको तथ्यांक र चित्रले मन्त्रालयलाई झस्काएको अहिलेसम्म देखिएको छैन ।

सरकारले बजेटमार्फत ठूलो संख्यामा रोजगारी सिर्जना गर्ने लक्ष्य राख्छ । तर, प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत करिब डेढ लाख जनालाई वर्षमा औसत ७० दिनको निर्माणजन्य काम दिएर 'रोजगारी'का रुपमा ब्याख्या गर्ने काम केही वर्षदेखि चलिरहेको छ । बजेटमा आएका युवालाई स्वरोजगार बनाउने देखि सिप सिकाउनेसम्मका योजना सीमित पहुँचवाला वर्गको कब्जामा छ । सिप सिकाउने कार्यक्रम समेत प्रभावकारी नहुँदा स्वरोजगारी र घरेलु उद्यम उकासिन सकेको छैन ।

लघु उद्यम र नवप्रवर्तनहरुलाई संरक्षण दिने सरकारी नीतिको अभाव छ । सूचनाप्रविधिको प्रयोगमार्फत हुन सक्ने रोजगारी सिर्जनाको सम्भावनालाई अहिलेसम्म सरकारले ध्यान नै दिएको छैन । प्राविधिक र व्यावसायिक शिक्षालाई जोड दिने र प्रशिक्षित जनशक्तिलाई बीउ पूँजी दिने काममा श्रम मन्त्रालयको भूमिका नै देखिएको छैन । साना लगानीका व्यवसायिक परियोजनालाई प्रोत्साहन गर्ने नीति पनि सरकारसँग छैन ।

सामाजिक सुरक्षा कोषको प्रभावकारिता र यसले दिने प्रतिफलबारे अन्योल कायमै छ । कोषलाई अधिकतम् श्रमिक वर्गको हित अनुकूल बनाउने र बढीभन्दा बढी रोजगारदाता र श्रमिकलाई आवद्ध गर्ने काममा पनि अर्यालको भूमिका खेल्न मनत्रालय चुकेको छ ।

मन्त्रालय मातहतका श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, वैदेशिक रोजगार विभागलगायतका धेरै निकाय भ्रष्टाचारको अखडाका रुपमा परिचित रहेकाले तीनलाई सुधारेर पारदर्शी बनाउने दायित्व पनि मन्त्री अर्यालको नै हुनेछ ।

वैदेशिक रोजगार विज्ञ नेपाल मन्त्रालयले श्रमिक वर्गमाझ देखिने गरी काम गर्न सक्नुपर्ने भन्दै उनले यो वर्गको न्याय पाए मात्रै देशको हित हुने बताउँछन् । उनका अनुसार चुनावपछिका कतिपय 'इक्जिट पोल'हरुले अहिले श्रम मन्त्रालयको नेतृत्व लिएको राष्ट्रिय स्वतन्त्र पार्टीलाई श्रमिक वर्गले बढी रुचाएको देखाएको थियो । यो पार्टीका सभापति रवि लामिछाने आफैं पनि सञ्चारमाध्यममा बढीजसो श्रमिक वर्गको हितमा बोलेरै राजनीतिसम्म आइपगेका हुन् ।

'यो वर्गले यो पार्टी र यसको नेतृत्वमाथि गरेको आशालाई निराशामा बदल्न नदिने गरी श्रमिकका हितमा काम गर्नु नयाँ श्रममन्त्रीको मुख्य जिम्मेवारी हुनेछ,' विज्ञ नेपाल भन्छन् । तर, स्वार्थ बाझिने मन्त्री नै श्रम मन्त्रालयमा आएपछि सुखद् सुरुआत होला मान्न विज्ञहरु तयार छैनन् । *(अनलाइखबरबाट)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# राप्रपा नेपालको परिणामलाई लिएर थापा गम्भीर

हेटौंडा, ३ माघ/राप्रपा नेपालका अध्यक्ष कमल थापाले पार्टीलाई मुलुकको बलियो राष्ट्रबादी प्रजातान्त्रिक शक्ति निर्माण गर्ने अभियान जारी भएकोले यात्रा रोकिने नभई अबिछिन्न रहने बताएका छन् ।

मंगलबार हेटौंडामा आयोजित अगुवा कार्यकर्ता भेलामा बोल्दै थापाले म्याराथन दौडमा कुदेको खेलाडीको नतिजा अन्तिममा आउने भन्दै आत्मसमर्पण र बिलयको कुनै सम्भावना नरहेको स्पष्ट पारे। 'स्वाभिमानी पुर्बक पार्टी उठाउछौ, उठ्छ' थापाले भने ।

निर्बाचनमा ठुलो अपेक्षा थिएन, तर पनि सोचे अनुसार परिणाम नआएको बिषयलाई गम्भीरता पुर्बक लिएको समेत उनले भने । राप्रपा नेपालको औतित्य र महत्व अझै बढेर चर्चा गर्दै थापाले हामिलाइ सरकारमा गएर गल्ति गर्यो, गणतन्त्रको सरकारमा गयो, धर्म बेच्यो भन्नेहरु आज कता छन् भनी प्रश्न गरे ।

हामीले आदर्श र सिद्धान्तलाई सत्तासँग साटेको छैन, योजनाबद्ध र षड्यन्त्रपुर्बक चरित्र हत्या गरेको बिषय आगामी दिनमा स्पष्ट हुन्छ र भ्रम निबारण हुने समेत उनले बिश्वास ब्यक्त गरे । आज आफुहरुले कठिन बाटो रोजेका छौ भन्दै उनले पटक पटक अग्नि परिक्षा पार गरेको मान्छेलाई लान्छना लगाई चरित्र हत्या गरेकोमा गुनासो समेत गरे।




राप्रपाले सत्ता केन्द्रित राजनिती नगर्ने, सत्तामा नजाने अब सिद्धान्त केन्द्रित राजनिती गर्छौं भन्नेहरु, हिन्दूराष्ट्र र राजसंस्थाको एजेन्डालाई 'डिपफ्रीज'मा राखेर सत्तारोहण गरेको समेत आरोप लगाए । राप्रपालाई सत्तामा जान कुन शक्तिले बाध्य पार्यो, शक्तिशाली ठाउँ त महाधिवेशन हो, महाधिवेशनले पास गरेको नीति बिपरित राप्रपा सत्तामा गएकोमा समेत उनले प्रश्न उठाए ।

विपरित स्वार्थमा हिडेको शक्तिहरूको गठबन्धन 'स्वार्थको गठबन्धन'लाई भन्दै थापाले बिचित्रको 'उटरुपि' गठबन्धन बन्यो, राजा फाल्ने ,राजा चाहियो भन्ने, भ्रस्टाचार गरेर खानु आमाको रगत खानु भन्ने र ठुलो ठुलो भ्रष्टाचारमा गासिएकोहरुको गठबन्धन उदेकलाग्दो भएको बताए । 'बिदेशिको प्रपन्च र सत्ता स्वार्थले गर्दा भ्रष्टाचारको आहालमा डुब्न सबै तयार भएका छन् । जनताले आगामी दिनमा बिकल्प खोज्छन्' थापाले थपे ।

नयाँ शैलिका साथ राप्रपा नेपाल अघि बढ्छ, धोकेबाज र अबसरबादी भिड जम्मा गर्ने होइन, इमान्दर प्रतिबद्ध साथिहरु अहिलेको आब्श्यकता हो उनको जोड थियो । कार्यक्रममा बोल्दै राप्रपा नेपालका महामन्त्री राजाराम बर्तौलाले राप्रपा नेपाल र यसको नेतृत्वलाई समाप्त पार्छौं भन्नेको सपना हुन नदिने दृढता ब्यक्त गरे ।

निर्वाचन पछि थापा पहिलो पटक जिल्ला गएका हुन् । जिल्ला अध्यक्ष गुरु प्रसाद सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा नेताहरु प्रेमलाल श्रेष्ठ, राजाराम अर्याल, दिल बहादुर बल, सुर्य थोकर, शान्ती तामाङ लगायतले बोलेका थिए ।

# हवाई सेवालाई सुरक्षित बनाउन आयोगको आग्रह

काठमाडौं/राष्ट्रिय मानव अधिकार आयोगले हवाई दुर्घटनाबाट नागरिकले ज्यान गुमाउनु परिरहेको अवस्थाप्रति संवेदनशील बन्दै हवाई सेवालाई सुरक्षित र भरपर्दो बनाउन आग्रह गरेको छ ।

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा निर्धारित मापदण्ड एवं सिफारिसको कार्यान्वयनमा जोड दिन आयोगले सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलका अनुसार घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउन र हवाई दुर्घटनामा ज्यान गुमाएका व्यक्तिका परिवारलाई उपयुक्त राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न/गराउन र सहजरूपमा बीमा रकम उपलब्ध गराउन आयोगले आग्रह गरेको छ ।

यही माघ १ गते काठमाडौंबाट पोखराका लागि उडेको यती एयरलाइन्सको चालकदलसहित ७२ जना सवार जहाज कास्कीको पोखरामा दुर्घटना हुँदा ७० जनाको मृत्यु भएको र दुई जनाको अवस्था अझै अज्ञात रहेको घटनाप्रति आयोग गहिरो दु:ख व्यक्त गरेको छ ।




आयोगले यस संकटको घडीमा शोक सन्तप्त परिवार जनप्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भनी कामना गर्दै समवेदना प्रकट गरेको छ । हवाई दुर्घटनाका कारण व्यक्तिको जीवनको अधिकार गुम्न गएका घटनाहरूको आयोगले विभिन्न माध्यमबाट अनुगमन गर्दै आइरहेको छ ।

मानवीय क्षतिको दृष्टिकोणले उक्त दुर्घटना नेपालको आन्तरिक उडानमा हालसम्मकै सबैभन्दा ठूलो रहेको पाइएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ मा हवाई उडानलाई नियमन गर्ने व्यवस्था छ ।

हवाई नीति, २०६३ ले उडान सुरक्षा एवं हवाई सुरक्षामा सुदृढीकरण गरी अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा निर्धारण गरिएको मापदण्ड तथा सिफारिसको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राख्दै आवश्यक कानूनी र संस्थागत व्यवस्था गर्ने उल्लेख गरेको छ ।

हवाई दुर्घटनाका सम्बन्धमा विभिन्न छानबिन समितिबाट प्राप्त सिफारिस कार्यान्वनलाई प्राथमिकता नदिएकोतर्फ दुर्घटना बढिरहेको देखिएको छ भने अर्कोतर्फ पुराना विमान खरिद र सञ्चालनमा प्रभावकारी नियमन हुन नसकेको आयोगले जनाएको छ ।

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# थाहा गोल्डकपको फाइनलमा माउन्टेन एफसी र पारिजात भिड्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा जारी चौथो थाहा गोल्डकपको फाइनलमा माउन्टेन एफसी र पारिजात स्मृति पुस्तकालय भिड्ने भएका छन् ।




इन्द्रायणी खेल मैदानमा भइरहेको गोल्डकपको सेमिफाइनलमा जित निकालेसँगै उपाधिका लागि माउन्टेन र पारिजात आमनेसामने हुने पक्का भएको हो । मंगलबार भएको सेमिफाइनल खेलमा माउन्टेन एफसीले तारुका एफसीलाई ५-० गोलको फराकिलो अन्तरले पराजित गरेको हो । मंगलबार नै भएको दोस्रो सेमिफाइनल खेलमा पारिजात स्मृति पुस्तकालय चित्लाङले आयोजक थाहा नगरपालिका फुटबल टिमलाई ४-१ को गोल अन्तरले पराजित गर्दै फाइनलमा माउन्टेनसँगको भेट पक्का गरेको हो ।

फाइनल खेल ५ माघ बिहीवार हुने भएको छ । १८ टिमले सहभागिता जनाएको गोल्डकप २६ पुसदेखि सुरु भएको थियो । गोल्डकप विजेताले नगद २ लाखसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले नगद १ लाखसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । खेलकुद विकास समिति थाहा नगर पालिकाको आयोजनामा भइरहेको प्रतियोगितालाई हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, चन्द्रागीरी हिल्स लिमिटेड, नेपाल बैंक लिमिटेड, नेपाल आदर्श निर्माण कम्पनी लिमिटेड, यति ब्रुअरी, च्वाइस नेपाल, कृषि विकास बैंक, महालक्ष्मी विकास बैंक, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले प्रायोजन गरेका छन् ।

# कमल थापा छोडेपछि सिंहको छलाङः पहिलो पटकमै ऊर्जा राज्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, ३ माघ/ मकवानपुरमा राप्रपाका दुई सारथि कमल थापा र दिपक सिंह दुई ध्रुवमा लागेको धेरै भएको छैन् ।

राप्रपाको महाधिवेशन पछि थापा र सिंह प्रष्ट हुने गरी फरक-फरक राजनीतिक बाटोमा हिँडे । त्यसअघि थापाका लागि मकवानपुरमा सिंह सबैभन्दा नजिकका राजनीतिक मित्र थिए । कुनैबेला राप्रपामा एउटा रथको दुई पांग्रा रहेका थापा र सिंहको सहयात्रा दुई तिर बाँडिएपछि भने सिंह निरन्तर राजनीतिक उपलब्धी हासिल गरिरहेका । थापाको यात्रा भने तत्काललाई धर्मराएको छ । उनी हाल न सांसद छन् न संसदमा प्रतिनिधित्व भएको पार्टीको अध्यक्षमा छ । उनी अध्यक्ष रहेको राप्रपा नेपालले ५ हजार मत मात्रै कटायो ।

कमल थापाको साथमा रहँदा दुई पटक सांसद र दुई पटक स्थानीय तह निर्वाचन लडेका सिंह पराजित मात्रै बन्न पुगेका थिए । एउटा संयोग, जब थापासँगको सहयात्रा छोडेर सिंह राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको साथमा पुगे तब पहिलो पटक प्रतिनिधिसभामा सदस्यमा निर्वाचित भए । सिंहको जितले मकवानपुरमा राप्रपा २८ वर्षपछि फर्किएको थियो । पहिलो पटक संसदमा पुगेका सिंह उर्जा राज्यमन्त्री पनि बने । राज्यमन्त्री सिंहको रोजाई नभए पनि गठबन्धनमा भागबण्डा मिलाउन उनले राज्यमन्त्रीमा चित्त बुझाउन परेको राप्रपा नेताहरु बताउँछन् । उनी राज्यमन्त्री भएको उर्जा तथा जलश्रोत मन्त्रालय लिङ्देनकै नेतृत्वमा छ ।

बहुदल स्थापनापछि राप्रपा मकवानपुरबाट मन्त्री हुनेमा थापापछि सिंह बने । समग्रमा सिंह जिल्लाबाट मन्त्री हुनेको सूचिमा पाँच नम्बरमा परेका छन् । मकवानपुर बाट यसअघि मन्त्री हुनेमा कमल थापा, एमालेका हिरण्यलाल श्रेष्ठ, कांग्रेसबाट महालक्ष्मी उपाध्याय डीना, इन्द्रबहादुर बानियाँ र नेकपा एकीकृत समाजवादीका विरोध खतिवडा हुन् । जसमध्ये थापा र खतिवडा क्याबिनेट मन्त्री भए भने अन्य र ाज्यमन्त्री बनेका थिए । नेताहरुका अनुसार राप्रपा अध्यक्ष लिङ्देनलाई सिंहलाई कुनै हालतमा मन्त्री बनाउनुपर्ने दबाब थियो । कमल थापालाई हराएका कारण पनि सिंहलाई मन्त्री बनाउनु पर्ने दबाबमा लिङ्देन परेको एक राप्रपा नेताले बताए ।

४ मंसिरमा भएको प्रतिनिधिसभा निर्वाचनमा मकवानपुर क्षेत्र नम्बर १ बाट पाँचौं पटकको प्रयासमा सिंह सांसद बनेका हुन् । राप्रपाभित्र राजनीतिक सारथि सिंहलाई जिताउन अध्यक्ष लिङ्देन निर्वाचनका बेला मकवानपुर दुई पटक आएका थिए । प्रतिनिधि सभामा सिंहले कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना र एमालेको सूर्य चिह्नबाट लडेका राप्रपा नेपाल अध्यक्ष कमल थापासँग प्रतिस्पर्धा गरेका थिए । सिंहले चुनाव जित्दा डीना दोस्रो र थापा तेस्रो भएका थिए । सिंहले कांग्रेस सहमहामन्त्री डीनालाई २ हजार ३ सय ८२ मतान्तरले हराएका हुन् । सिंहले २७ हजार ८ सय १६ मत ल्याउँदा डीनाले २५ हजार ५ सय ३४ मत पाएकी थिइन् भने थापाले २५ हजार ४ सय २० मत प्राप्त गरेका थिए ।

प्रतिनिधिसभा निर्वाचन लड्नुअघि सिंहले हेटौंडाको मेयर पदका लागि पनि प्रतिस्पर्धा गरेका थिए । मेयरमा सिंहले २० हजार ५ सय ३१ मत ल्याएर पनि चुनाव जित्न भने सकेनन् । मेयरमा गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)की तत्कालीन जिल्ला उपाध्यक्ष तथा निवर्तमान उपमेयर मिनाकुमारी लामा विजयी बनेकी थिइन् ।


**बागमती प्रदेश सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र**
**भरतपुर, चितवन**

**कृषि ज्ञान केन्द्रको विभिन्न कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना!**

सुचना नं.: ११-२०७९ /८०
प्रथम पटक प्रकाशित मिति: २०७९/१०/०४

कृषि ज्ञान केन्द्र, चितवनको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा तपशिलको कार्यक्रम संचालन गरिने हुँदा चितवन र मकवानपुर जिल्लाका सूचनामा उल्लेख भए बमोजिमका आवेदकहरुले सूचना प्रकाशित भएको ३०औं दिन (मिति २०७९/११/०४)सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरीदेहाय बमोजिमका कागजात सहित सम्बन्धित कार्यविधि बमोजिम निवेदन दर्ता गराउनुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । इमेल akcchitwan@gmail.comमार्फत समेत प्रस्ताव पेश गर्न सकिनेछ । मकवानपुर जिल्लाका प्रस्तावकहरुको हकमा कृषि विकास निर्देशनालय, हेटौंडामा रहेको कृषि ज्ञान केन्द्र चितवनको सम्पर्क कार्यालयमा (सम्पर्क व्यक्ति सुजन तिवारी: ९८४७१४७२२२)समेत प्रस्ताव पेश गर्न सकिनेछ।

तपसिल


| क्र.स. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | कार्यक्रमको कूल बजेट (रु. लाखमा) | साझेदार संस्था (आवेदक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चितवन र मकवानपुर जिल्लामा सयपत्री खेती कार्यक्रम | पटक | १ | ५ | कृषि फर्म, कृषक समूह, कृषि सहकारी | |
| २ | सहकारीको समन्वयमा मह संकलन केन्द्रमा संकलन भएको महको परीमाणको आधारमा प्रति के.जी. रु. ५० का दरले प्रोत्साहन कार्यक्रम | पटक | २ | १० | कृषि फर्म, कृषक समूह, कृषि सहकारी | |
| ३ | कृषि विकासका लागि विउ पूर्जीकोष परिचालन कार्यक्रम | पटक | ३ | १५० | कृषि फर्म, कृषि कम्पनी, कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी | वीउँ पूजी परिचालन कार्यविधि, २०७९ बमोजिम संचालन हुने |
| ४ | न्युनतमसमर्थन मुल्य कार्यन्वयन कार्यक्रम | पटक | १ | १४० | कृषक समूह, कृषि सहकारी | पुनः सूचना न्यूनतम समर्थन मूल्य कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम संचालन हुने |

**आवश्यक कागजातहरु**
१. रु.१० को हुलाक टिकट टाँस गरेको निवेदन,
२. कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाणपत्र, नविकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाण पत्र, संस्थाको योजना माग सम्बन्धमा गरिएको निर्णयको प्रतिलिपी
३. सम्बन्धित नगरपालिका/गाँउपालिकाको कृषि शाखाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारीस पत्र
४. प्रस्ताव अनुसारको लागत अनुमान/व्यवसायिक योजना
५. सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा अख्तियारी पत्र
६. आवेदकको आफ्नै स्वामित्व वा फलफूलको हकमा कम्तिमा १५ वर्ष रतरकारी र खाद्यान्नबालीको हकमा कम्तिमा ५ वर्षको लागि जमिन भाडामा लिएको प्रमाण।

**नोट:** कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं. ०५६-४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ ।



**हार्दिक समवेदना**



**जन्मः** १९९७ जेठ १४ गते

स्व. गुणराज घिमिरे

**स्वर्गारोहणः** २०७९ पौष २२ गते

मिति २०७९ पौष २२ गते शुक्रबारका दिन **स्व.गुणराज घिमिरे** (यस कम्पनिका प्रशासकीय प्रमुख श्री तुलाराज घिमिरेज्यूका पूजनीय पिता)को असामयिक निधन भएकोमा हामी अत्यन्त मर्माहत् तथा स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहणको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना ब्यक्त गर्दछौं ।

**भ्याली पेलेट फिड प्रा.लि.** एवम्
**भ्याली ग्रुप, परिवार**



**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१**



थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा **२४ सै घण्टा**
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।



**कर्मचारी आवश्यकता**

*दोस्रो पटक प्रकाशन मिति : २०७९/१०/०४*

उपरोक्त सम्बन्धमा यस श्री गरिबी निवारण बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समितिको मिति २०७९/०९/२४ गते बसेको बैठकको निर्णय तथा कर्मचारी छनौट उप समितिको मिति २०७९/०९/२५ गते बसेको बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित विवरण अनुसारको १ (एक) जना कर्मचारी करारमा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकको दरखास्त आह्वान गरिएको भएता पनि माग बमोजिम पुर्ण प्रकृतिको दरखास्त नआएको हुँदा मिति २०७९/१०/०३ गते बसेको कर्मचारी छनौट उप समितिको बैठकको निर्णय अनुसार ७ दिनको म्याद थप गरिएको हुँदा तपशिलमा उल्लेख भए अनुसार योग्य नेपाली नागरिकको पुन: दरखास्त आह्वान गरिन्छ । साथै अघिल्लो समयको विज्ञापनमा आएको दरखास्तलाई यस पटक स्वत समावेश गरिनेछ ।

**तपशिल**
१) विज्ञापन नं. : १/०७९/०८०
२) पद : सहायक
३) आवश्यक संख्या : १ (एक)
४) नियुक्तिको किसिम : करार
५) करार अवधि : १ वर्ष
६) आवश्यक न्युनतम योग्यता : व्यवस्थापन संकायबाट कक्षा १२ उत्तिर्ण
७) विशेष योग्यता : कम्प्युटर तालिम प्राप्त
८) आवश्यक कागजात : नेपाली नागरिकताको प्रतिलिपि, व्यक्तिगत बायोडाटा, शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, स्व. हस्तलिखित निवेदन, कम्प्युटर तालिम लिएको प्रमाण पत्रको प्रतिलिपि, हालसालै खिचेको फोटो २ प्रति
९) उमेर : २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको
१०) परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक
११) दरखास्त आइपुग्नु पर्ने मिति र समय : मिति २०७९/१०/०४ गतेदेखि मिति २०७९/१०/१० गते दिउँसो ३:०० बजेसम्म
१२) सम्पर्क मिति : २०७९/१०/१० गते ४:०० बजेसम्म
१३) परीक्षा शुल्क : ५००।-
१४) तलब तथा अन्य सुविधा : संस्थाको नियमानुसार

शेयर सदस्य, सदस्यको परिवार, दुईपाङ्ग्र सवारी चलाक अनुमति पत्र भएको पुरुषलाई विशेष ग्राह्यता दिइनेछ । रित नपुगी आएको दर खास्तलाई परीक्षामा संलग्न गराइने छैन ।

*(कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार छनौट समितिमा निहित हुनेछ)*

**गरिवी निवारण बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-६, हात्तिलेट
सम्पर्क नं. :९८४५०२७१८८, ०५७-५३०१७०



**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्धारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।


**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६



**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना